# हिलिहाङ गाउँपालिका

हिलिहाङ गाउपालिकाको राजपत्र

खण्ड : २ | सङ्ख्या : १ | ७ जेष्ठ २०७५

## भाग –२

## हिलिहाङ गाउँपालिका

**हिलिहाङ गाँउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५**

गाउँपालिकाबाट स्वीकृत मिति : **२०७५ /०२/०७**

प्रमाणिकरण मिति : **२०७५ /०२/०७**

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सन्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वान्छनीय भएकोले स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम हिलिहाङ गाँउपालिकाको गाँउ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम , विस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम हिलिहाङ गाँउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन हिलिहाङ गाँउपालिकाको क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा:** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:-

(क) “ऐन” भन्नाले हिलिहाङ गाँउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ।

(ख) “कार्यपालिका” भन्नाले हिलिहाङ गाँउ कार्यपालिका सम्झनु पर्छ।

(ग) “गाँउपालिका” भन्नाले हिलिहाङ गाँउपालिका सम्झनु पर्छ।

(घ) “सभा” भन्नाले संविधानको धारा २२२ बमोजिमको गाँउसभा सम्झनु पर्छ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. <u>नियम बनाउने अधिकार :</u>** (१) नेपालको संविधान तथा स्थानीय सरकार सन्चालन ऐन, २०७४ बमोजिम गाँउपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त हिलिहाङ गाँउकार्यपालिकाले आवश्यक नियम बनाउनु सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियम बनाँउदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानिय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

**४. <u>निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु सक्ने:</u>** (१) संविधान, ऐन तथा य ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही हिलिहाङ गाँउपालिकाले आवश्यक्ता अनुसार निर्देशि

का, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ।

**४. <u>खारेजी तथा बचाउ:</u>** (१) यो ऐन लागु हुन भन्दा पहिले निर्माण भई कार्यपालिका बाट अनुमोदन भएका कार्यविधि, निर्देशिका तथा मापदण्डहरु यसै ऐन बमोजिम भएको मानिनेछ। गाँउसभाले प्रशासकिय कार्यविधि सम्बन्धि अर्को ऐन निर्माण गरि अनुमोदन गरेमा यो ऐन स्वत: खारेज हुनेछ।